# चौकुने गाउँपालिका

# स्थानीय राजपत्र

चौकुने गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या : ११ चौकुने, सुर्खेत २०८० साल ज्येष्ठ १ गते


## भाग – २

चौकुने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत

### प्रधानाध्यापक छनौट तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९

पारितमिति: २०७९।०५।

प्रमाणिकरणमिति:२०७९।०५।

**प्रस्तावना:**स्थानीयसरकारसञ्चालनऐन२०७४कोदफा१०२कोउपदफा२रचौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाऐन२०७४दफा ५९ को उपदफा१ लेदिएकोअधिकारप्रयोगगरीचौकुने गाउँपालिकाद्वाराविद्यालयकोप्राज्ञिक, व्यवस्थापकीयतथाप्रशासनिकजिम्मेवारीनिर्वाहगरीविद्यालयकोप्रमुखकार्यकारीपदाधिकारीकोरुपमानेतृत्वगर्नेप्रधानाध्यापकछनौटतथाव्यवस्थापनगर्नवाञ्छनीयभएकालेचौकुने गाउँपालिकाले"**प्रधानाध्यापकछनौटतथाव्यवस्थापनकार्यविधि**२०७९"जारीगरेकोछ।

**१. संक्षिप्तनाम, विस्ताररप्रारम्भः**

१. योकार्यविधिकोनाम"प्रधानाध्यापकछनौटतथाव्यवस्थापनसम्बन्धिकार्यविधि२०७९" रहेकोछ।

२. योकार्यविधिचौकुनेगाउँपालिका क्षेत्रभित्रकाविद्यालयहरुमाप्रधानाध्यापकछनौटतथाव्यवस्थापन गर्नलागुहुनेछ।

३. योकार्यविधिचौकुने गाउँपालिकाको गाउँ कार्यपालिकालेपारितगरेकोमितिदेखिलागुहुनेछ।

**२. परिभाषा:**

विषयवाप्रसंगलेअर्कोअर्थनलागेमायसकार्यविधिमा;

१. "गाउँपालिका" भन्नालेचौकुने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुट्टु सुर्खेतलाईसम्झनुपर्नेछ।

२. "ऐन" भन्नालेचौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिकशिक्षाऐन, २०७४सम्झनुपर्नेछ।

३. "कार्यविधि" भन्नालेप्रधानाध्यापकछनौटतथाव्यवस्थापनसम्बन्धीकार्यविधि२०७९सम्झनुपर्नेछ।

४. "कार्यपालिका" भन्नालेचौकुने गाउँपालिका गाउँ कार्यपालिकालाईसम्झनुपर्नेछ।

५. "शाखा" भन्नालेचौकुने गाउँपालिकाअन्तर्गतकोशिक्षा, युवातथाखेलकुदशाखासम्झनुपर्नेछ।

६. "विद्यालय" भन्नालेप्रचलितऐननियमबमोजिमप्रारम्भिकबालविकासशिक्षादेखिकक्षाबाहसम्मसंचालितसामुदायिकविद्यालयको रुपमाअनुमतितथास्वीकृतप्राप्तविद्यालयसम्झनुपर्नेछ ।

७. "संस्थागतविद्यालय" भन्नालेनिजीपहलमाकानूनबमोजिमसञ्चालनअनुमतिप्राप्तविद्यालयसम्झनुपर्छ।

८. "विद्यालय व्यवस्थापनसमिति" भन्नालेप्रचलितकानुनबमोजिमप्रत्येकसामुदायिकविद्यालयमागठनभएकाविद्यालयव्यवस्थापनसमितिलाईसम्झनुपर्नेछ।

९. "प्रधानाध्यापक" भन्नालेविद्यालयकोप्राज्ञिक, व्यवस्थापकियतथाप्रशासनिकजिम्मेवारीनिर्वाहगरीनेतृत्वगर्नेविद्यालयकोप्रमुखकार्यकारीपदाधिकारीलाईसम्झनुपर्नेछ।

१०. "शिक्षक" भन्नालेसामुदायिकविद्यालयकामाध्यमिकतह, निम्नमाध्यमिकतह, प्राथमिकतहमास्थायी, करारतथाराहतदरबन्दीमानियुक्तीभएकोशिक्षकबुझिनेछ। यसलेसाबिककोउच्चमाध्यमिकतहकोराहततथा गाउँपालिकाकोअनुदानकोटारशिक्षणसिकाइसहयोगअनुदानकोएकमुष्ठरकमबाटतलवखानेगरीनियुक्तशिक्षकसमेत लाईजनाउनेछ।

११."कर्मचारी" भन्नालेसंघियसरकार, प्रदेशसरकारवास्थानीयसरकारमाकार्यरतस्थायीशिक्षा, युवा तथा खेलकुदशाखा तथा विद्यालयमा कार्यरत स्थायी तथा अस्थायीकार्यरत कर्मचारीलाईसम्झनुपर्नेछ।

१२. "समिति" भन्नालेदफा४कोउपदफा(१) बमोजिमकोप्रधानाध्यापकछनौटसमितिलाईजनाउनेछ।

**३. प्रधानाध्यापकविद्यालयकोप्रमुखहुनेः**

१. विद्यालयकोप्राज्ञिकतथाप्रशासनिकप्रमुखकोरुपमाकार्यगर्नप्रत्येकविद्यालयमाएकजनाप्रधानाध्यापकरहनेछ।

२. प्रधानाध्यापकलेविद्यालयकोसमग्रप्राज्ञिक, व्यवस्थापकीयतथाप्रशासनिकउत्तरदायित्ववहनगर्नुपर्नेछ।

**४. प्रधानाध्यापकछनौटसमितिः**

(१) विद्यालयकोप्रधानाध्यापकछनौटगरीनियुक्तीकालागिसिफारिसगर्नदेहायबमोजिमकोएकप्रधानाध्यापकछनौटसमिति रहनेछ।

(क) विद्यालयव्यवस्थापनसमितिकोअध्यक्ष- संयोजक

(ख) शिक्षाशाखाकोप्रमुखवानिजलेतोकेकोसोशाखाकोकर्मचारी _सदस्य

(ग) पालिकाभित्रकार्यरतविषयविज्ञउपलब्धभएसम्मएकजनामहिलासहित२जनासदस्य

(घ) विद्यालयकोप्रधानाध्यापक- सदस्य–सचिव

(२) उपदफा(१) कोखण्ड(ग) बमोजिम पालिका भित्र कार्यरत विषय विशेषज्ञको हकमा माध्यमिक तहको लागि स्नातकोत्तर तह उर्त्तीण, सोही तहमा स्थायी नियुक्ति लिइ१ वर्ष कार्यरत वा माध्यमिक तहमा स्थायी नियुक्ति भइ ६ महिना प्रधानाध्यापक भएको, निम्न माध्यमिक तहको लागि स्नातकोत्तर तह उर्त्तीण, सोही तहमा स्थायी नियुक्ति लिइ३ वर्ष कार्यरत वा निम्न माध्यमिक तहमा स्थायी नियुक्ति भइ २ वर्ष प्रधानाध्यापक भएको, प्राथमिक तहको लागि स्नातक तह उर्त्तीण, सोही तहमा स्थायी नियुक्ति लिइ३ वर्ष कार्यरत वा प्राथमिक तहमा स्थायी नियुक्ति भइउच्च शिक्षा हासिल गरि स्थायी भएको व्यक्ति,

(३) उपदफा(१) कोखण्ड(घ) बमोजिमविद्यालयकोबहालवालाप्रधानाध्यापकपनिप्रतिस्पर्धामासहभागीहुनेभएमावाप्रधानाध्यापकपदरिक्तभएकोअवस्थामाविद्यालयकोसम्बन्धिततहकोबरिष्ठतम्शिक्षकलेसदस्यसचिवभईकामगर्नेछ। तरसम्बन्धिततहकोशिक्षकउक्त विद्यालयमानभएमासोहीतहकोछिमेकीविद्यालयकोसम्बन्धिततहकोस्थायीशिक्षकलाईविद्यालयव्यवस्थापनसमितिले मनोनितगरीसदस्यसचिवकोकामगर्नजिम्मादिनसक्नेछ।

(४) प्रधानाध्यापकछनौटकार्यकालागिसम्बन्धितविद्यालयनैसचिवालयकारुपमारहनेछरसदस्य–सचिवलेसोसचिवालयकोव्यवस्थापनकोकामगर्नुपर्नेछभनेसंयोजकतथाअन्यतीनसदस्यगरीजम्माचारजनालेमूल्यांकनकर्ताकोभूमिकानिर्वाहगर्नुपर्नेछ। समितिले गाउँपालिकामा सचिवालय बनाउन बाधा परेको मानिने छैन ।

(५) विषयविज्ञछनौटगर्दास्वीकृतविषयविज्ञकोसूचीबाटविव्यसअध्यक्षरशिक्षाशाखाकोप्रमुखवानिजलेतोकेकोप्रतिनिधिबाटगोलाप्रथाद्वाराछनौटगरिनेछ। विषय विज्ञको सुची तयार नहुने बेलासम्म समितिलेतोकेअनुसार हुने छ ।

(६) उपदफा(१) बमोजिमकोप्रधानाध्यापकछनौटसमितिकोबैठकसम्बन्धीकार्यविधिसोसमितिआफैलेनिर्धारणगरेबमोजिमहुनेछ।

**५. प्रधानाध्यापकहुनचाहिनेन्युनतमयोग्यतारअनुभव:**

(१) आधारभूततहकोप्रधानाध्यापकहुनशिक्षाशास्त्रसंकायमास्नातकतहवासोसरहकोयोग्यताहुनु पर्ने छ । आधारभूततह(कक्षा६–८) वासाविकनिम्नमाध्यमिकतहमास्थायीभईकार्यरतरहेकोहुनुपर्नेछ। तरआधारभूततहकोकक्षापाँचवासोभन्दातल्लाकक्षासम्ममात्रसञ्चालितविद्यालयमाकम्तिमाशिक्षाविषयमाप्रविणताप्रमाणपत्रवादशजोडदुईवासोसरहकोयोग्यताभएकोस्थायीशिक्षकप्रधानाध्यापकछनौटप्रक्रियामाउम्मेदवारहुनसक्ने

(२) माध्यमिकविद्यालयकोप्रधानाध्यापकहुनशिक्षाशास्त्रसंकायमास्नातकोत्तरतहवासोसरहउत्तीर्णगरेकोरमाध्यमिकतहमास्थायीभईकार्यरतरहेकोहुनुपर्नेछ।

(३) उपदफा(१) र(२) माजुनसुकैकुरालेखिएकोभएतापनिसम्बन्धिततहमास्थायीभएकोशिक्षकलेकुनैपनिविषयमामाथिल्लोयोग्यताहासिलगरेमाप्रधानाध्यापकहुनकालागियोग्यमानिनेछ।

(४) विद्यालयशिक्षामासूचनाप्रविधिकोप्रयोगमाजानकारभएकोहुनुपर्ने।

**६. निमित्तप्रधानाध्यापकसम्बन्धीव्यवस्थाः**

(१) सामुदायिकविद्यालयमाप्रधानाध्यापकअनुपस्थितभएमावाकुनैकारणलेप्रधानाध्यापककोपदरिक्तभएमाप्रधानाध्यापकउपस्थितनभएसम्मवाप्रधानाध्यापककोपदपूर्तिनभएसम्मकालागिसोविद्यालयमाकार्यरतशिक्षकहरुमध्येवरिष्ठतम्स्थायीशिक्षकलेनिमित्तप्रधानाध्यापकभईकामगर्नुपर्नेछ। तरकुनैविद्यालयमाएकभन्दाबढीतहभएमामाथिल्लोतहकोवरिष्ठतम्शिक्षकलेनिमित्तभईकामगर्नुपर्नेछ। यसरीनिमित्तप्र. अ. नियुक्तगर्दामाध्यमिकविद्यालयकोहकमाकम्तिमास्नातकोत्तरतह, आधारभुततह(कक्षा६–८) कोहकमाकम्तिमास्नातकतहरआधारभूततहकोकक्षापाँचवासोभन्दातल्लाकक्षासम्ममात्रसञ्चालितविद्यालयमाकम्तिमाप्रविणताप्रमाणपत्रवादशजोडदुईउत्तीर्णहरुमध्येबाटवरिष्ठतमस्थायीशिक्षकलाईनियुक्तगर्नुपर्नेछ।

**७. पूर्णकालिनप्रधानाध्यापकछनौटसम्बन्धीव्यवस्थाः**

(१) विद्यालयकोप्रधानाध्यापकछनौटकालागिदेहायबमोजिमकोप्रक्रियाअवलम्वनगर्नुपर्नेछ:

(क) कुनैविद्यालयमाप्रधानाध्यापकपदरिक्तभइनिमित्तप्र. अ. द्धाराविद्यालयसंचालनभएकोअवस्थामावाबहालवालाप्रधानाध्यापककोअवधिसमाप्तहुनेअवस्थाभएमाविद्यालयव्यवस्थापनसमितिलेसोकोजानकारीलिखितरुपमा१५(पन्ध्र) दिनभित्रशिक्षाशाखामागर्नुपर्नेछ।

(ख) खण्ड(क) बमोजिमजानकारीप्राप्तभएपछिशिक्षाशाखालेविद्यालयव्यवस्थापनसमितिकाअध्यक्षवानिजलेतोकेकोसोसमितिकोसदस्यकोअध्यक्षतामादफा४कोउपदफा(१) बमोजिमकोसमितिगठनगरीछनौटप्रक्रियाअघिबढाउनअनुमतिदिनेछ।

(ग) प्रधानाध्यापकछनौटसमितिगठनभएपछिसोसमितिलेकम्तीमा१५दिनकोम्यादतोकीविद्यालयविकासप्रस्ताव, वार्षिक विद्यालय सुधार योजना सहितआवेदनआव्हानगर्नेछ। यसमा अर्धवार्षिक तथा वार्षिक रुपमा ल्याइने सुधार समाबेश गरिनु पर्ने छ ।

(घ) आवेदकहरुलेयसकार्यविधिकोअनुसुचि–१बमोजिमकोविद्यालयविकासप्रस्तावकोढाँचाप्रयोगगर्नुपर्नेछ।

(ङ) प्रधानाध्यापकछनौटसमितिसमक्षपेशभएकाआवेदनहरुअध्ययनगरीसोसमितिलेरितपुगेकाआवेदकहरुकोनामावली प्रकाशनगर्नेछ।

(च) आवेदकहरुमध्येबाटयसकार्यविधिकोअनुसूची-२बमोजिमकोमूल्याङ्कनकाआधारबमोजिमप्रधानाध्यापकछनौटगर्नेछ।त्यसरीछनौटगर्दाउपलब्धभएसम्मउच्चतम् अङ्कप्राप्तगर्नेतीनजनालाईयोग्यताक्रमकाआधारमाछनौटगरीनियुक्तिकालागिशिक्षाशाखासमक्षसिफारिसगर्नुपर्नेछ। तरसाठीअङ्कप्राप्तनगर्नेउम्मेदवारलाईप्रधानाध्यापककोपदमानियुक्तिकोलागिसिफारिसगरिनेछैन ।

(छ) समितिबाटखण्ड(च) बमोजिमसिफारिसभएकामध्येबाटनिजलेपेशगरेकोविद्यालयविकासप्रस्तावमालेखिएकासूचकहरुसमयबद्धरुपमापूरा गर्नेकार्यदक्षताशिक्षाशाखालेकरारगरी५वर्षकालागिसम्बन्धितउम्मेदवारलाईनियुक्तिगर्नेछ।तर निजले पेश गरेको विद्यालय विकास प्रस्ताब अनुसार शैक्षिक सुधार नभएमा वा समाज र विद्यालयमा नकरात्मक असर पार्ने खालका क्रियाकलाप गरेमा गाउँ शिक्षा समितले उक्त नियुक्ति खारेज गर्ने सक्ने छ ।यसरी नियुक्ति खारेज गर्दा एक पटक सफाइ पेश गर्ने मौका दिन सकिने छ ।

(ज) उपदफा१कोखण्ड(ग) बमोजिमकोसमयमाआवेदननपरेमाप्रधानाध्यापकछनौटसमितिले७दिनकोम्यादथपगरीपुनःआवेदनआव्हानगर्नेछतरदोस्रोपटकमापनिकुनैपनिशिक्षककोआवेदननपरेमायोग्यतापुगेकाशिक्षकलाईविद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षासमितिलेनिमित्तप्रधानाध्यापककोरुपमानियुक्तगरीविद्यालयमापठाउनसक्नेछ।

(झ)

उपदफा१माजुनसुकैकुरालेखिएकोभएतापनिसंस्थागतविद्यालयकोव्यवस्थापनसमितिलेप्रधानाध्यापककोनियुक्तीगर्दा आ-आफ्नोविनियमतयारगरीनियुक्तगर्नसक्नेछन्।

**८. प्रधानाध्यापककोकार्यसम्पादनकरारगर्नुपर्नेः**

(१) दफा(७) बमोजिमप्रधानाध्यापकनियुक्तीगर्दानिजलेपेशगरेकोविद्यालयविकासप्रस्तावमालेखिएकासूचकहरुसमयबद्धरुपमापूरा गर्नेव्यहोराकोकार्यसम्पादनचौकुने गाउँपालिकाशिक्षाशाखासंगगर्नुपर्नेछ।

(२) प्रधानाध्यापकलेकार्यसम्पादनकरारबमोजिमकार्यसम्पादनगरे, नगरेकोसम्बन्धमाअनुगमनतथामूल्याङ्कनसम्बन्धितविद्यालयव्यवस्थापनसमितिस, गाउँ शिक्षा समिति,शिक्षक अभिभावक संघ, अभिभावक, जनप्रतिनिधी रशिक्षाशाखा चौकुनेलेगर्नेछ।

**९. प्रधानाध्यापककोकाम, कर्तव्यरअधिकारः**

प्रचलित ऐन नियम तोकिएका बाहेक प्रधानाध्यापककोकाम, कर्तव्यरअधिकारदेहायबमोजिमहुनेछ:

(क) विद्यालयमाशैक्षिकवातावरण, गुणस्तररअनुशासनकायमराख्ने,

(ख) विद्यालयकाशिक्षकतथाकर्मचारीहरूसँगसमन्वयगरीशिक्षक, कर्मचारी, विद्यार्थीरअभिभावकहरूबीचपारस्परिकसहयोगकोवातावरणसिर्जनागर्ने,

(ग) विद्यालयमाअनुशासन, सच्चरित्रता, शिष्टताकायमगर्नआवश्यककामगर्ने,

(घ) शिक्षकहरूसँगपरामर्शगरीविद्यालयमाकक्षासञ्चालनसम्बन्धिकार्यक्रमतयारगर्नेसोबमोजिमकक्षासञ्चालनभएनभएको निरीक्षणगर्ने,

(ङ) विद्यालयमासरसफाई, अतिरिक्तक्रियाकलापआदिकोप्रबन्धगर्नेगराउने,

(च) विद्यालयकोप्रशासनिककार्यकोसञ्चालनतथानियन्त्रणगर्ने,

(छ) विद्यालयमाविद्यार्थीभर्नागर्नेतथापरीक्षासञ्चालनगराउने,

(ज) विद्यार्थीलाईस्थानान्तरणतथाअन्यप्रमाणपत्रदिने,

(झ) कुनैशिक्षकवाकर्मचारीलेजानीजानीवालापरवाहीसाथकुनैकामगर्नालेविद्यालयलाईहानीनोक्सानीपर्नगएमात्यस्तोहानीनोक्सानीकोरकमतलबबाटकट्टागरीअसुलगर्ने,

(ठ) विद्यालयलेआफ्नैस्रोतमानियुक्तगरेकाशिक्षकवाकर्मचारीलेपदीयजिम्मेवारीपूरानगरेमाव्यवस्थापनसमितिकोसिफारिसबमोजिमअवकाशलगायतकाअन्यविभागीयकारबाहीगर्ने,

(ड) शिक्षकरकर्मचारीलाईदिइएकोसजायकोअभिलेखराख्नेतथात्यस्तोअभिलेखशिक्षा समिति र शिक्षाशाखा प्रमुखतथाशिक्षासम्बद्धनिकायलेहेर्नचाहेमादेखाउने,

(ढ) शिक्षकतथाकर्मचारीहरूकोआचरणरकार्यसम्पादनसम्बन्धीप्रतिवेदनशिक्षा, युवातथाखेलकुदशाखातथाव्यवस्थापनसमितिमापेशगर्ने,

(ण) शिक्षकवाकर्मचारीलाईसजायवापुरस्कारदिनेसम्बन्धमाव्यवस्थापनसमितितथाशिक्षा, युवातथाखेलकुदशाखामासिफारिसगर्ने,

(त) महिनामाकम्तीमाएकपटकशिक्षकतथाकर्मचारीहरूकोबैठकबोलाईविद्यालयकोप्राज्ञिक, भौतिकरशैक्षिकप्रशासनसम्बन्धीविषयमाछलफलगरीत्यसकोअभिलेखराख्ने,

(थ) चौकुने गाउँपालिकाबाटपूर्वस्वीकृतिलिईअतिआवश्यकभएकाविषयमाविद्यालयव्यवस्थापनसमितिकोनिर्णयगराईविद्यालयकोस्रोतबाटतलबभत्ताखानेगरीशिक्षककोपदकायमगरीसोअनुसारपदस्वीकृतिभएकाविषयकाशिक्षककोलागिछनौटप्रक्रियाअपनाईपदपूर्तीगरीकरारमानियुक्तगर्नेरयसरीनियुक्तिभएकाशिक्षकतथाकर्मचारीहरूकोतलबसम्बन्धिप्रतिवेदनपारितगर्नव्यवस्थापनसमितिमापेशगर्ने,

(द) विद्यालयभवनतथाछात्रावासकोहाताभित्रकुनैकिसिमकोअवाञ्छितक्रियाकलापहुननदिने,

(ध) विद्यालयकोप्रभावकारीसंचालनकोलागिवार्षिकयोजनाबनाईव्यवस्थापनसमितिबाटपारितगराईकार्यान्वयनगर्नेगराउने,

(न) विद्यालयमाअध्ययन, अध्यापनसम्बन्धिमासिक, अर्ध-वार्षिकतथावार्षिककार्यक्रमबनाईकार्यान्वयनगर्नेगराउने,

(प) शिक्षकवाकर्मचारीलाईतालिममापठाउनव्यवस्थापनसमितिबाटअनुमोदनगराईपठाउनेव्यवस्थागर्ने,

(फ) विद्यालयमानेपालसरकारबाटस्वीकृतपाठ्यक्रमतथापाठ्यपुस्तकलागूगर्ने,

(ब) व्यवस्थापनसमितिलेदिएकोनिर्देशनतथाआफूलेपाएकोअधिकारबमोजिमरकमखर्चगर्नेरआयव्ययकोहिसाबराख्नेतथाराख्नलगाउने,

(भ) विद्यालयमासञ्चालनहुनेआवधिकपरीक्षानियमिततथामर्यादितढङ्गबाटसञ्चालनगर्नेगराउने,

(म) कुनैशिक्षकलेअध्यापनगरेकोविषयमावार्षिक परीक्षामा पन्ध्रप्रतिशतभन्दाबढीविद्यार्थीअसफलभएमावाकुनैशिक्षकलेलापरवाहीवाअनुशासनहीनकामगरेमात्यस्तोशिक्षकको दुईवर्षसम्मतलबबृद्धि र ग्रेड वृद्धि रोक्कागर्ने,

(य) विद्यालयमादैनिकरुपमानियमबमोजिमकोकक्षालिनेतथाशिक्षकलाईलिनलगाउने,

(र) विद्यालयकासम्पूर्णशिक्षकतथाकर्मचारीहरूकोकाम, कर्तव्यतोक्ने,

(ल) चौकुने गाउँपालिका तथाव्यवस्थापनसमितिलेदिएकानिर्देशनपालनगर्नेगराउने,

(व)

विद्यालयकोशैक्षिकप्रगतिसम्बन्धिविवरणतथातथ्यांकमन्त्रालयद्वारानिर्धारितढाँचारसमयभित्रप्रमाणितगरीशिक्षाशाखामापेशगर्ने,

(श) विद्यालयकास्थायीशिक्षककोकार्यसम्पादनमूल्याकंनभरीचौकुने गाउँपालिका शिक्षा शाखामारआफ्नोस्रोतबाटखर्चबेहोर्नेगरीनियुक्तभएकाशिक्षकहरूकोकार्यसम्पादनमूल्याङ्कनफाराम भरी भर्न लागाइव्यवस्थापनसमितिमापेशगर्ने,

(ष) विद्यालयमाकार्यरतशिक्षकतथाकर्मचारीकोसम्पत्तिविवरणफारामनिर्धारितसमयमाभर्नलगाईविद्यालयमादर्तागरीचौकुने गाउँपालिकामार्फतशिक्षककिताबखानामापठाउने,

(स) प्रधानाध्यापकगाउँपालिका, अभिभावकएवंविद्यार्थीप्रतिजिम्मेवारहुनेछ,

(ह) शिक्षकएवंकर्मचारीलाईविद्यालयप्रतिजिम्मेवारबनाउनतथागुणस्तरीयशिक्षाकालागिचौकुने गाउँपालिकाकोप्रचलितकानुनबमोजिमदिएकानिर्देशनपालनागराउनतथाअपेक्षितशैक्षिकउपलब्धिकालागिशिक्षकहरुसँगकार्यसम्पादनकरारगर्नुपर्नेछ,

(क्ष) विद्यालयकोभौगोलिकक्षेत्रभित्रकाटुहुरा, अलपत्रपरेकारबेसाहारा, विशेषआवश्यकताभएकातथाअतिविपन्नतामापरीविद्यालयजाननसकेकावाविद्यालयछोडेकाबालवालिकालाईचौकुने गाउँपालिकामार्फतछात्रवृत्तिवाविशेषव्यवस्थागरीवानिजकाअभिभावकवासंरक्षकलाईसघाईवालवालिकालाईविद्यालयमाल्याउनेतथाटिकाउनरसिकाउनआफूजिम्मेवारहुनेरशिक्षकलाईजिम्मेवारबनाउनुपर्नेछ,

(त्र) संभावितजोखिमहरुकोपहिचानगरीन्युनिकरणकालागिक्रियाशिलरहने।

(ज्ञ) विद्यालयमा अध्यापन गराउने विषयगत शिक्षक वा कक्षा शिक्षक र स्वयम प्रधानाध्यापकले अध्यापन गराएको विषयमा ४० प्रतिशतभन्दा बढी असफल र ६० प्रतिशत भन्दा कम सफल भएमा स्पष्टिरण सोधि त्यसको जानकारी शिक्षा शाखामा दिइ शिक्षा विकास तथा समन्वय इका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने ।

**१०. प्रधानाध्यापककोपदावधिः**

(१) प्रधानाध्यापककोपदावधिपाँचवर्षकोहुनेछरनिजपुनःसोपदमानियुक्तिहुनसक्नेछ।

(२) प्रधानाध्यापककोकार्यसम्पादनकरारसम्झौताकाआधारमाविद्यालयव्यवस्थापनसमितिले३वर्षमामध्यावधिमूल्यांकनगर्नसक्नेछ।विद्यालय स्तरमा वार्षिक मूल्यंकन गर्नु पर्ने छ ।

(३) उपदफा(१) माजुनसुकैकुरालेखिएकोभएतापनिप्रधानाध्यापकलेआफूलेगरेकोकार्यसम्पादनकरारबमोजिमकामनगरेकोवानिजकोकार्यसन्तोषजनकनभएकोवानिजकोआचरणखरावरहेकोकुराशिक्षा समिति र शिक्षा शाखाले तोकेको कर्मचारी र

व्यवस्थापनसमितिकोसिफारिसबाटदेखिनआएमाशिक्षा समितिको निर्णय गरी शिक्षा शाखालेनिजलाईप्रधानाध्यापककोपदबाटहटाउनसक्नेछ। तरत्यसरीप्रधानाध्यापकलाईपदबाटहटाउनुअघिनिजलाई सफाईपेशगर्नेमौकाबाटबञ्चितगरिनेछैन।

१०. प्रधानाध्यापकभत्ताः

(१) विद्यालयकाप्रधानाध्यापकलेदेहायबमोजिममासिकभत्तापाउनेछ: -

(क) संघियसरकारबाटप्राप्तहुनेभत्ता

(ख) स्थानियसरकारबाटप्रदानगरिनेप्रोत्साहनरकम

क) माध्यमिक तह रु १००० मासिक

ख) आधारभूत तह (६-८) रु ८०० मासिक

ग) आधारभूत तह (१-५) रु ६०० मासिक

**१२. प्रधानाध्यापककोविदारकाजस्वीकृतिसम्बन्धमाः**

(१) कम्तिमा३दिनसम्मविदामाबस्नुपरेमावाकाजमाजानुपरेमाविद्यालयव्यवस्थापनसमितिकोअध्यक्षलाईकारणसहित लिखितजानकारीदिइबस्नुपर्नेछ। तर, ३दिनभन्दाबढिप्रचलितकानुनबमोजिमविदालिइबस्नुपरेमावाकाजमाजानुपरेकोअवस्थामाविद्यालयव्यवस्थापनसमितिकोस्वीकृतीलिईसोकोजानकारीलिखितरुपमाशिक्षाशाखादिनुपर्नेछ ।

**१३. पदमाबहालरहनेरप्रतिष्पर्धागर्नपाउने:**

(१) योकार्यविधिजारीहुनुपूर्वसाविककोजिल्लाशिक्षाकार्यालयबाटसमयावधितोकीप्रधानाध्यापकपदमानियुक्तभएकाप्रधानाध्यापकउक्तसमयावधिसम्मप्रधानाध्यापकपदमाबहालरहनेछन। साथैयोग्यतापुगेकारहालबहालरहेकाशिक्षकहरुलाईपुनःसोहिविद्यालयमाप्रतिष्पर्धागर्नकुनैबाधापुर्याउनेछैन।

**१४. सट्टाशिक्षकसम्बन्धीव्यवस्थाः**

(१) प्रधानाध्यापकनियुक्तगर्दाशिक्षक काज सरुवागर्नुपरेकोअवस्थामाविद्यमानअपुगदरवन्दिसंरचनालाईमध्यनजरगर्दैसंघियसरकारबाटपूर्णदरवन्दिप्राप्तनहुँदासम्मगाउँपालिकाकोआन्तरीकस्रोतबाटखर्चव्यहोर्नेगरीसोस्थानमासट्टाशिक्षककोरुपमाकरारमाखटाउनसकिनेछ ।

**१५. विषयविज्ञसूचीकृतः**

१. शिक्षाशाखालेविषयविज्ञसूचीतयारगर्नकालागिप्रस्तावनाआह्वानगरीविज्ञहरुकोसूचीकृतगर्न१५दिनकोसूचनागरीचौकुने गाउँपालिकाभित्रकार्यरतयोग्यतापुगेकाशिक्षकहरुमध्येबाटछनौटगरीसूचीकृतगर्नेछ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि विषय विज्ञहरु सुचीकृत हुनुभन्दाअधि योग्यता पुगेका शिक्षक वा प्रधानाध्यापकलाई समितिमा विषय विज्ञका रुपा आमन्त्रण गर्न बाधा परेको मानिने छैन ।

**१६. खारेजीरबचाउः**

(१) योकार्यविधिजारीहुनुपुर्वयससंगसम्बन्धितभएगरेकाकार्यहरुप्रचलित शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाऐन२०७४ र चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७४यसकार्यविधिबमोजिमभएगरेकोमानिनेछ।

(२) यसकार्यविधिमाभएकाप्रावधानहरुबाहेकको‌अवस्थामाप्रचलितसंघियशिक्षाऐनतथानियमकानुनबमोजिमहुनेछ।

(३) यसकार्यविधिमालेखिएकोकुनैकुराप्रचलितकानूनसँगबाझिएमाबाझिएकोहदसम्मयसकार्यविधिकोव्यवस्थाअमान्य हुनेछ।

आज्ञाले

नन्दराम परियार

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची:१**

**(दफा७कोउपदफा१(घ) संगसम्बन्धित)**

**विद्यालयविकासप्रस्तावकोढाँचा**

**१. परिचय**

**२. दुरदृष्टि, लक्ष्य, उदेश्य**

**३. विद्यालयकोसेवाक्षेत्रकोविश्लेषण**

क) विद्यालयकोसेवाक्षेत्रः(सेवाक्षेत्रभित्रपर्नेगाउँ, शहर, टोलखुलाउनेरपूर्वनिर्धारितचारकिल्लाकोविवरणउल्लेखगर्ने)

ख) सेवाक्षेत्रकोआर्थिक, सामाजिक, भौतिक, प्राकृतिकअवस्थाः(सेवाक्षेत्रभित्रकानागरिककोपेशा, आर्थिकगतिविधि, गरिबीकोअवस्था, विकासकापूर्वाधारकोअवस्था, सामाजिकसचेतनाकोस्तर, प्राकृतिकश्रोतसाधनआदिविषयकोसंक्षिप्तविश्लेषणगर्ने)

ग) सेवाक्षेत्रकोजनसांख्यिकतथाशैक्षिकअवस्थाविश्लेषणः(सेवाक्षेत्रकोजनसंख्याकोविवरणरउक्तक्षेत्रकोशैक्षिकसूचकहरुकोअवस्था(जस्तैसाक्षरता, विद्यालयकोपहुँच) नागरिककोशिक्षाप्रतिकोचासो, जनसहभागिताआदिविषयकोविश्लेषणगर्ने)

**४.विद्यालयकाविद्यमानसमस्याहरुकोविश्लेषण, समाधानरविद्यालयकोसुधारः**

**निम्नबँदामाआधारितभईविश्लेषणगर्ने**

क) सेवाक्षेत्रकोजनसंख्या

ख) विद्यालयकोभौतिकअवस्था

ग) विद्यालयकोशैक्षिकअवस्था

घ) विद्यालयसमुदायबिचकोसम्बन्ध

ङ) विद्यालयकोआर्थिकअवस्था

**५. विद्यालयविकासयोजना(रणनितिरकार्यनितिसहित) सुधारको५ बर्षेकार्ययोजना:**

| सुधारको क्षेत्र | सुधारका क्रियाकलप | कार्य प्रक्रिया | जिम्म्वारी | आधार सुचक | उपलबुधी सुचक | स्रोतको व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | | | | | | | |
| आर्थिक पक्ष | | | | | | | |
| शैक्षिक पक्ष | | | | | | | |
| व्यवस्थापकीय पक्ष | | | | | | | |

**६. बार्षिककार्यान्वयनकार्ययोजना**

क) आर्थिकव्ययभारपर्नेरनपर्नेक्रियाकलापहरुसमावेशगरीकार्ययोजनाप्रस्तुतगर्नुपर्नेछ।

**७. संस्थागतक्षमताविकास**

क) जनशक्तीविकास

ख) भौतिकसंरचनाविकास

ग) अन्य

अनुसुची: २

(दफा७कोउपदफा१ (च) संगसम्बन्धित)

**प्रधानाध्यापकछनौटतथामूल्यांकनकाआधारहरुः**

| क स | मूल्याकनका आधार | आधारहरुको विस्तृतिकरण | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | प्रथम श्रेणी १५ अङ्क द्वितीय अङ्क १३ अङ्क तृतीय ११ अङ्क | १५ |
| | न्युनतम शैक्षिक योग्यता | | |
| | माथिल्लो शैक्षिक योग्यता | प्रथम श्रेणी १० अङ्क द्वितीय अङ्क ८ अङ्क तृतीय ६ अङ्क | १० |
| २ | शिक्षण अनुभब | शिक्षण अनुभबको वाफतको अङ्क प्रदान गर्दा सम्बन्धित तहमा (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सोही तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २.० अङ्कका दरले, तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढिमा २५ अङ्क दिइने छ । तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी २० प्रतिशत अङ्क थप गरिने छ । | २५ |

| | | | |
|---|---|---|---|
| ३ | तालिम | (क) शैक्षिक तालिम: प्रथम श्रेणी १० अङ्क, द्वितीय श्रेणी ८ अङ्क तृतीय श्रेणी ६ | १२ |
| | | न्यूनतम ३० कार्य दिनको विद्यालय व्यवस्थापन तालिम २ अङ्क | |
| ४ | अध्यापन | अध्यापन गराएको विषयको नतिजाका वाफत | १२ |
| ५ | विद्यालय विकास प्रस्ताब | विद्यालय विकास प्रस्ताब | १० |
| | | विद्यालय विकास प्रस्ताबको प्रस्तुतिकरण | ४ |
| ६ | नेतृत्व लिने क्षमता | प्रधानाध्यापक छनौट समितिको मूल्यांकन | १२ |
| | | **जम्मा** | १०० |

द्रष्टव्यः

१. माध्यमिकतहकोहकमामाथिल्लोशैक्षिकयोग्यताभन्नालेएम. फील. लाईजनाउनेछ।

२. विद्यालयविकासप्रस्तावअध्ययनकालागिसदस्यसचिवलेमूल्यांकनकर्तालाई१/१प्रतिउपलब्धगराउनुपर्नेछरसोअध्ययनकालागि१हप्ताकोसमयउपलब्धगराइनेछ।

३. शिक्षणअनुभववापतअंकप्रदानगर्दासम्बन्धिततहमास्थायीनियुक्तिपाईशिक्षणगरेकोहुनुपर्नेछ।

४. अध्यापनगरेकोविषयमाप्राप्तनतिजावापतपछिल्लोतीनशैक्षिकसत्रकोप्रतिशैक्षिकसत्रकोबढीमाचारअंककादरलेअधिकतम१२अंकदिइनेछ।

५. अध्यापनगरेकोविषयमाप्राप्तनतिजावापतअंकदिदाप्रतिवर्षदेहायकाआधारमादिइनेछ।

अध्यापनगरेकोविषयकोकक्षागतऔसतउत्तीर्णप्रतिशतx ४

सम्बन्धितविषयकोभौगोलिकइकाईकोऔसतउत्तीर्णप्रतिशत

(क) भौगोलिकइकाईकोऔसतउत्तीर्णप्रतिशतकोअंक४०भन्दाकमभएमा४०लाईमानिनेछ।

यसखण्डकोप्रयोजनकालागिभौगोलिकइकाईभन्नालेचौकुने गाउँपालिकालाईजनाउँछ।

६. प्रतियोगीशिक्षकलेविद्यालयविकासप्रस्तावप्रविधिप्रयोगगरीप्रस्तुतीकरणगर्नुपर्नेछसाथैमूल्यांकनकर्तालेप्रतियोगीसंग विद्यालयविकासप्रस्तावसम्बन्धीछुट्टाछुट्टैगहनछलफलपश्चातमूल्यांकनगर्नुपर्नेछ।देहायकोकार्यढाँचामातयारभएको विद्यालयविकासप्रस्तावबापतअंक१०रसोकोप्रस्तुतीकरणवापत४अंकदिइनेछ।प्रस्तावबापतअंकप्रदानगर्दा८०प्रतिशतभन्दाबढीर४०प्रतिशतभन्दाकमदिनुपरेमासोकोपुष्ट्याँईसमेतदिनुपर्नेछ।

(क) वर्तमानशैक्षिकरआर्थिकअवस्था,

(ख) विद्यालयलेहासिलगर्नुपर्नेअपेक्षितउपलब्धि,

(ग) वर्तमानअवस्थारअपेक्षितउपलब्धीकासूचकगतअन्तर,

(घ) अपेक्षितउपलब्धीहासिलगर्नेस्रोतपहिचानसहितकोकार्ययोजना,

(ङ) कार्ययोजनाकोमूल्याङ्कनकासूचकहरु,

६.शिक्षाशाखा र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्वलिनेक्षमताको मूल्यांकन देहायका आधारमा गर्नु पर्ने छ ।सो अंकप्रदानगर्दासमेत८०प्रतिशतभन्दाबढीर४०प्रतिशतभन्दाकमअंकदिनुपरेमासोकोपुष्ट्याँईसमेतगर्नुपर्नेछ ।

| मूल्याङ्कनका आधारहरु | अतिउत्तम (१.२५) | उत्तम (१.०० ) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशिल | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यार्थी शिक्षक र विद्यालय व्यवस्थापन समिति बिच प्रभाबकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभाबकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवाहार | | | | |
| जम्मा अंक | | | | |